# ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेड
## प्रधान कार्यालय, बुटवल

### सि.ए./ए.सि.सि.ए तथा सेमी क्वालिफाइड सि.ए.को आवश्यक्ता सम्बन्धी सूचना

(मिति : २०८०/०७/१३)

यस वित्तीय संस्थामा देहायका पदहरु करार सेवामा पूर्ति गर्नुपर्ने भएकोले इच्छुक योग्य नेपाली नागरिकहरुबाट मिति २०८०/०७/१३ गते देखि मिति २०८०/०७/१९ गते कार्यालय समय भित्र दरखास्त/आवेदन फारम पेश गर्न आव्हान गरिएको छ । दरखास्त/आवेदन पेश गर्दा आफूले प्राप्त गरेको शैक्षिक योग्यता, नागरिकताको प्रमाणपत्र, अनुभव खुल्ने प्रमाणपत्र बायोडाटा तथा अन्य सम्पूर्ण प्रमाणपत्र र दरखास्त दस्तुर जम्मा गरेको भौचर संलग्न गरी संस्थाको प्रधान कार्यालय, बुटवल वा देहायको ईमेल ठेगानामा पेश गर्नु पर्नेछ । दरखास्त दस्तुर नबुझाएका र रीत नपुगी पेश हुन आएका दरखास्त/आवेदन उपर कुनै किसिमको कारवाही हुने छैन । झुट्टा विवरण पेश गरी दरखास्त/आवेदन फारम भरेमा सोको जवाफदेही उम्मेदवार स्वयम् हुनु पर्नेछ ।

**विज्ञापन नं.०३/२०८०/८१**

| क्र.सं. | पद | संख्या |
|---|---|---|
| १ | सि.ए./ए.सि.सि.ए.(C.A. /A.C.C.A.) | केही |
| २ | सेमी क्वालिफाइड सि.ए. (Semi Qualified C.A.) | केही |

**(क) शैक्षिक योग्यता:-**

१. सि.ए.को लागि न्यूनतम शैक्षिक योग्यता मान्यताप्राप्त शिक्षण संस्थाबाट चार्टर्ड एकाउण्टेन्सी उत्तीर्ण गरेको ।
२. ए.सि.सि.ए. को लागि न्यूनतम शैक्षिक योग्यता मान्यताप्राप्त शिक्षण संस्थाबाट ए.सि.सि.ए.परीक्षा उत्तीर्ण गरेको ।
३. सेमी क्वालिफाइड सि.ए.को लागि न्यूनतम शैक्षिक योग्यता मान्यताप्राप्त शिक्षण संस्थाबाट चार्टर्ड एकाउण्टेन्सी शिक्षा अन्तर्गत CAP 2 वा IPCC उत्तीर्ण गरी आर्टिकलसिप अभ्यास पूरा गर्नुका साथै स्नातक तह उत्तीर्ण गरेको ।

**(ख) उम्मेदवारको उमेर :-** दरखास्त/आवेदन दिने अन्तिम मितिमा सि.ए/ए.सि.सि.ए.को लागि ४० वर्ष र सेमी क्वालिफाइड सि.ए.को लागि ३५ वर्ष ननाघेको ।

**(ग)** दरखास्त दस्तुर रु. १,०००।-(अक्षरेपि एक हजार मात्र) सिटिजन्स बैंक इन्टरनेशनल लि. शाखा कार्यालय बुटवलमा रहेको यस संस्थाको खाता नं ०१२०१०००००३२३२०१ म जम्मा गरी सोको सक्कल भौचर पेश गर्नुपर्ने ।

**(घ) उम्मेदवारको छनौट विधि :-अन्तर्वार्ता ।**

**(ङ) अन्य विवरण:**

१. दर्ता हुन आएका दरखास्तहरुमध्ये शैक्षिक योग्यता र कार्यानुभवको आधारमा आवेदकहरुको संक्षिप्त सूची (Shortlisting) तयार गरी अन्तर्वार्ताको लागि छनौट गरिनेछ ।
२. बैंक तथा वित्तीय संस्थाको कार्यानुभव भएकालाई प्राथमिकता दिइने छ ।
३. अन्तर्वार्ताका लागि छनौट भएका उम्मेदवारहरुले शैक्षिक योग्यता, नागरिकता, अनुभव तालिमको प्रमाणपत्रको सक्कलप्रति सहित उपस्थित हुनु पर्नेछ ।
४. छनौटमा परेका उम्मेदवारहरुको अन्तर्वार्ता तोकिएको मिति, समय र स्थानमा सञ्चालन गरिनेछ ।
५. उम्मेदवारले उपलब्ध गराएको इमेल ठेगाना/मोबाइल नं.मा अन्तर्वार्ताको लागि जानकारी गराइनेछ ।
६. पारिश्रमिक तथा सेवा सम्बन्धी शर्त :- संस्थाको नियमानुसार करारनामामा उल्लेख भए बमोजिम हुनेछ ।
७. दरखास्त/आवेदनपेश गर्नु पर्ने कार्यालय : प्रधान कार्यालय बुटवल वा vacancy.btwl@gmail.com ठेगानामा पठाउनु पर्नेछ ।
८. दरखास्त सम्बन्धी सूचना प्रधान कार्यालयको website मा राखिएको छ ।
९. दरखास्त सम्बन्धमा जानकारी लिनु परेमा कार्यालय समय भित्र फो नं.०७१-४३८९५४ मा सम्पर्क गर्न सकिनेछ ।

ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेड.
जनशक्ति व्यवस्थापन विभाग, प्रधान कार्यालय, बुटवल